# Soaltee Hotel Limited

★ ★ ★ ★ ★

# आर्थिक वर्ष २०७४/०७५ को चौथो त्रैमासिक अवधिको प्रतिवेदन

**धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को नियम २६ को उपनियम (१) संग सम्बन्धित**

**अनुसूची – १४**

सोल्टी होटल लिमिटेडको २०७५ आषाढ मसान्तमा समाप्त भएको आर्थिक वर्ष २०७४/०७५ को चौथो त्रैमासिक अवधिको लेखापरीक्षण नभएको (अपरिस्कृत) प्रतिवेदनः

## १. वित्तीय विवरण

(कम्पनीको हिसाब किताव इश्वी सम्बत् (अंग्रेजी महिना) अनुसार लेखांकन गरिने भएको हुंदा आर्थिक वर्ष २०७४/०७५ (२०१७/१८) को १६ जुलाई २०१७ देखि ३० जून २०१८ सम्मको अवधिको आर्थिक विवरण प्रस्तुत गरिएको छ ।)

(क) आर्थिक वर्ष २०७४/०७५ को चौथो त्रैमासिक अवधिको वासलात र नाफा नोक्सान सम्बन्धी विवरण :–
आर्थिक वर्ष २०७४/०७५ अन्तर्गत कम्पनीको ३० जून २०१८ मा समाप्त (१६ जुलाई २०१७ देखि ३० जून २०१८ सम्म) अवधिको तुलनात्मक वित्तीय विवरणहरु अनुसूची १ मा प्रस्तुत गरिएकोछ ।
चौथो त्रैमासिक समीक्षा अवधिमा सम्बन्धित पक्षहरु बीच होटेलको नियमित व्यावसायिक कारोवार बाहेक अन्य कुनै कारोवार नभएको ।

(ख) आर्थिक वर्ष २०७४/०७५ को चौथो त्रैमासिक अवधि, ३० जून २०१८ मा समाप्त भएको अवधिको लेखापरीक्षण नभएको प्रमुख वित्तीय अनुपातहरु :–

| विवरण | चौथो त्रैमासिक अवधि ३० जून २०१८ को अन्त्यमा (लेखापरीक्षण नभएको) | अघिल्लो त्रैमासिक अवधि ३१ मार्च २०१८ को अन्त्यमा (लेखापरीक्षण नभएको) | गत वर्षको त्रैमासिक अवधि ३० जून २०१७ को अन्त्यमा (लेखापरीक्षण नभएको) |
|---|---|---|---|
| प्रमुख वित्तीय सूचांकहरुः | | | |
| ऋण पूंजीको अनुपात | ०.०१ | ०.०१ | ०.०१ |
| शेयरधनीको शेयर पूंजी कोषको प्रतिफल | ०.१४ | ०.११ | ०.१३ |
| प्रति शेयर आम्दानी (रु.) | ३.२० | २.२८ | ३.१६ |
| प्रति शेयर नेटवर्थ (रु.) | २३.८१ | २२.९० | २३.९७ |
| प्रति शेयर कुल सम्पत्तिको मूल्य (रु.) | ३२.२० | ३१.११ | ३३.५४ |
| प्रति शेयर बजार मूल्य (रु. १०/– प्रति शेयर) (रु.) | २४३.०० | २४९.०० | ३६१.०० |
| प्राईस अर्निङ्ग रेसियो (टाईम्स) | ७६.०२ | १०९.२७ | ११४.२७ |
| चालु अनुपात | १.६२ | १.६६ | १.६२ |

## २. व्यवस्थापकीय विश्लेषण

(क) आर्थिक वर्ष २०७४/०७५ को चौथो त्रैमासिकको अवधिमा होटेलको हिमालयन विंग भवनका कोठाहरुको स्तरोन्नती तथा भित्रि साजसज्जा गरी पुर्ननिर्माण गर्ने कार्यबाट प्रथम त्रैमासिक अवधिमा पर्न गएको प्रभावलाई प्रतिलाभ **(recover)** गर्दै कम्पनीको चौथो त्रैमासिकको अवधिका विवरणहरुमा उल्लेख्य सुधार परिलक्षित भएको छ । गत आर्थिक वर्षको सोहि अवधिको कार्यसम्पादनका तथ्यांकहरु संग चालु आर्थिक वर्ष २०७४/०७५ को चौथो त्रैमासिकको समीक्षा अवधिको अन्त्यमा अर्थात ३० जून २०१८ सम्मका वित्तीय विवरणहरुको तुलनात्मक विश्लेषण गर्दा कम्पनीको कुल आय आर्जनमा लगभग मात्र ०.७१ प्रतिशतको न्युनता देखिएतापनि खर्चको कुशल र उचित व्यवस्थापन गर्दै गत आर्थिक वर्षको सोही अवधिको तुलनामा मुनाफामा १६.३५ प्रतिशतको बृद्धि सहित कम्पनीको कार्यसम्पादनमा महत्वपूर्ण प्रगति भएकोछ ।
चौथो त्रैमासिकको अवधिमा कम्पनीले  होटेलका प्रथम र दोश्रो गरी दुई तल्लाका कोठाहरु स्तरोन्नती परियोजनाका लागि बन्द गरि भवनका सो तल्लाका कोठाहरुको आधुनिकीकरण तथा स्तरोन्नती गरी पुर्ननिर्माणको कार्यसम्पादन गरि रहेको छ  र सो कार्य आगामी त्रैमासिकको अन्त्य सम्ममा सम्पन्न गरिसक्ने कार्ययोजना रहेको छ ।
समग्रमा कम्पनीको चालु आर्थिक वर्ष २०७४/०७५ को चौथो त्रैमासिक अवधि ३० जून २०१८ सम्मको वित्तीय अवस्था र कार्यसम्पादन तथा व्यावसायिक गतिविधिहरु सन्तोषजनक र प्रगतिशिल रहेका छन् ।

(ख) समिक्षा त्रैमासिक अवधिमा कम्पनीको मौज्दात, आम्दानी र तरलताको अवस्था सन्तोषजनक रहेको छ ।

(ग) आर्थिक वर्ष २०७५/०७६ को आगामी प्रथम त्रैमासिक अवधिमा कम्पनीको व्यावसायिक गतिविधिहरुको सन्दर्भमा कम्पनीले कुल आय बृद्धि गर्नका लागि अपनाउनु पर्ने सबै व्यावसायीक रणनितिक संयन्त्रहरुको समुचित सदुपयोग गर्दै होटेलको अक्यूपेन्सी बढाउने, उपलब्ध अत्याधुनिक प्रविधिका साधनहरुको प्रयोग लगायतका सबै उपायहरु अबलम्बन गरी आम्दानी अभिबृद्धि गर्ने प्रयास तदारुकताका साथ भई रहेको तथा होटेल संचालन लागतमा मितव्ययीता, नियन्त्रणात्मक कार्य योजना, अनावश्यक खर्च कटौति गर्ने लगायतका व्यवस्थापकीय सुशासन सम्बन्धी मापदण्डहरुलाई निरन्तरता दिंदै पर्यटन उद्योगका विविध बजारखण्डहरुको विश्लेषण, विस्तार तथा सूक्ष्म अध्ययन सहीत प्रवेश गर्दै आफ्ना श्रोतको पहुच तथा व्यवसायिक गतिविधिहरुलाई सक्रियताका साथ संचालन जारी राख्नेछ ।

(घ) कम्पनीले होटेल व्यवसायका विविध बजार खण्डहरुमा सशक्त बजार व्यवस्थापन तथा प्रवर्द्धन गर्ने कार्य निरन्तर रुपमा जारी राखेकोछ । कम्पनीले होटेल व्यवसायका विविध बजार खण्डहरुमा बजार व्यवस्थापन तथा प्रवर्द्धन गर्ने रणनिति सहित कर्पोरेट, सेमिनार, सभा, सम्मेलन र बैंक्वेट तथा व्यवसायको अन्य बजार अंशलाई शसक्तिकरण साथ आकर्षित गर्दै समग्रमा व्यवसाय अभिबृद्धि गर्ने योजना अनुरुप कार्ययोजनालाई कार्यान्वयन गरी रहेको छ । कम्पनीले आगामी अवधिमा रणनितिक रुपमा बजार व्यवस्थापन गर्ने, पर्यटन बजारको विविध खण्डहरुमा प्रवेश गरी पर्यटक आकर्षित गर्ने कार्यलाई निरन्तर जारी राख्नेछ ।
साथै, सेवा सुविधा तथा होटेलका भौतिक संरचनाहरुलाई विविधिकरण गर्दै सुविधा सम्पन्न भौतिक पूर्वाधारहरु थप्दै आधुनिकीकरण गर्दै जाने रणनीतिक परियोजनाहरु सम्बन्धी व्यवसायिक गतिविधिहरु होटेल संचालनमा कुनै पनि असर नपर्ने गरि जारी राख्नेछ ।

(ङ) समीक्षा अवधिमा कम्पनीको मौज्दात र नगद प्रवाह सम्बन्धमा गत वर्षको सोहि त्रैमासिक अवधिको तुलनामा सन्तोषजनक छ । कम्पनीले समिक्ष त्रैमासिक अवधिमा व्यवस्थापकीय कार्यकुशलता सहित अधिकतम मितव्ययिता अपनाई प्रतिकुल परिस्थितिको प्रभावलाई अधिकतम न्यनिकरण गर्दै कुशल व्यवस्थापकीय रणनिति अपनाउदै सुक्ष्म व्यवस्थापन, सुशासनका साथै गत वर्षको तुलनामा होटेलको स्तरोन्नति परियोजनाका कारण विक्री योग्य कोठाहरुमा उल्लेख्य कमी आएको भएतापनि कम्पनीको चालु आर्थिक वर्षको मुनाफामा कुनै पनि न्यूनता हुन नदिन अथक प्रयास गरेकोले चौथो त्रैमासिकको अन्त्यमा उल्लेख्य रुपमा मुनाफा अभिबृद्धि भएकोछ । यो सकारात्मक तथा गुणात्मक प्रयास आगामी त्रैमासिक अवधिमा पनि जारी राख्न व्यवस्थापन प्रतिवद्ध रहेकोछ ।

## ३. कानुनी कारवाही सम्बन्धी विवरण

(क) आर्थिक वर्ष २०७४/७५ को चौथो त्रैमासिक अवधिमा कम्पनीले कुनै मुद्दा दायर गरेको छैन  र कम्पनी उपर पनि कुनै मुद्दा दायर भएको जानकारी प्राप्त भएको छैन ।

(ख) आर्थिक वर्ष २०७४/७५ को चौथो त्रैमासिक अवधिमा कम्पनीका संस्थापक वा संचालकले वा संस्थापक वा संचालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौज्दारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको जानकारी प्राप्त भएको छैन ।

(ग) आर्थिक वर्ष २०७४/७५ को चौथो त्रैमासिक अवधिमा कम्पनीलाई कुनै संस्थापक वा संचालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भएको जानकारी प्राप्त भएको छैन  ।

## ४. संगठित संस्थाको शेयर कारोवार सम्बन्धी विश्लेषण

(क) शेयरको कारोबारमा हुने उतार चढाव खुल्ला बजारले प्रतिपादित गरेको मूल्य र मान्यता अनुरुप निर्देशित हुने गरेकोछ । शेयरको कारोबार सम्बन्धी विषयमा व्यवस्थापनको धारणा तटस्थ रहेको छ ।

(ख) कम्पनीको आर्थिक वर्ष २०७४/७५ को आषाढ मसान्त २०७५ मा अन्त्य भएको चौथो त्रैमासिक अवधिमा प्रति शेयर रु. १०/– का दरको शेयरको अधिकतम, न्यूनतम, अन्तिम मूल्य, कारोबार भएको कूल दिन तथा कारोबार संख्या देहाय बमोजिम रहेको छः–

| त्रैमासिक आ.व. २०७४/७५ (२०१७/१८) | शेयरको कारोबार – मूल्य (रु.) | | | कूल शेयरको कारोबार – दिन र संख्या | | |
|---|---|---|---|---|---|---|
| | अधिकतम मूल्य | न्यूनतम मूल्य | अन्तिम मूल्य | कारोबार भएको कूल दिन | कारोबार संख्या | कूल कारोबार शेयर संख्या |
| चौथो त्रैमासिक (२०७५ आषाढ मसान्त) | २८३/– | २३०/– | २४३/– | ५९ | ८७० | ४३०,३८१ |

## ५. समस्या तथा चुनौती

(क) **समस्याहरुः तथा चुनौतीहरुः**

**आन्तरिक**

(१) यस कम्पनीमा आन्तरिक समस्या नरहेको ।

**बाह्यः**

(१) अप्रत्याशितरुपमा घटने पर्यटन प्रतिकूलताका राष्ट्रिय र अन्तर्राष्ट्रिय घटनाहरुको प्रभाव ।
(२) देशमा पर्यटन सम्बन्धी पर्याप्त भौतिक पूर्वाधारहरुको विकासको कमीबाट पर्ने नकारात्मक प्रभाव ।
(३) पर्यटकहरुको सुरक्षा, देशको आर्थिक र राजनैतिक अवस्था तथा सम्बन्धित बजार, मुलुकहरुबाट जारी गरिने यात्रा प्रतिकूलता सम्बन्धी निर्देशनहरुबाट पर्ने प्रभावहरु ।
(४) विदेशी विनिमय दरमा (अमेरिकी डलर र यूरो) हुने अप्रत्याशित परिवर्तन ।
(५) उर्जा, विद्युत, इन्धन तथा तत्सम्बन्धी औद्योगिक पदार्थमा हुने अप्रत्याशित उच्च मूल्य बृद्धि तथा उपभोग्य पदार्थको मूल्यबृद्धि र श्रम समस्याहरुबाट पर्ने प्रत्यक्ष र अप्रत्यक्ष प्रभावहरु ।
(६) पर्यटन उद्योगमा देखापर्ने औद्योगिक अशान्ति, अप्रत्याशित रुपमा घट्ने पर्यटन प्रतिकुलताका घटनाहरु, आन्तरिक पर्यटन प्रवर्द्धनको कमी तथा सर्वसुलभ पर्यटकीय सार्वजनिक यातायातको अभाव तथा अन्तर्राष्ट्रिय हवाई सिट क्षमतामा न्यूनताबाट पर्ने प्रत्यक्ष र अप्रत्यक्ष प्रभावहरु ।
(७) देशमा अचानक आइपर्ने असहज परिस्थितिहरु, प्राकृतिक तथा दैवी विपदा तथा प्रकोपहरुको प्रभाव ।

(ख) **रणनिति**

सशक्त बजार व्यवस्थापन, होटेलका पाहुनाहरुलाई प्रदान गरिने गुणस्तरिय सेवा र सुविधाहरुको निरन्तर स्तरोन्नति । होटेलका सेवा सुबिधा सम्बन्धी भौतिक पूर्वाधार संरचनाहरुको स्तरबृद्धि वा प्रतिस्थापन गरी लक्ष्य अनुसारको पर्यटन व्यवसायको बजार बिस्तार गर्ने र होटेलले प्रदान गर्ने सेवाहरुलाई अन्तर्राष्ट्रिय मापदण्ड अनुरुप निरन्तर परिमार्जन गर्दै तद्नुरुप कायम राख्ने ।

## ६. संस्थागत सुशासन

**संस्थागत सुशासन अभिवृद्धिका लागि व्यवस्थापन द्वारा चालिएका कदम सम्बन्धी विवरण**

(क) कम्पनीको लेखापरीक्षण समितिले स्वतन्त्र आन्तरिक तथा वाह्य लेखा तथा व्यवस्थापकीय प्रतिवेदनहरुको त्रैमासिक पुनरावलोकन एवं समीक्षा गर्दै आवश्यक सुझाव सहित प्रतिवेदनमा उल्लेखित सिफारिशहरुको परिपालना भए नभएको अनुगमन समेत गर्दछ । लेखापरीक्षण समितिले कम्पनीको संचालक समिति समक्ष नियमित रुपमा प्रतिवेदन पेश गर्ने गर्दछ र यस सम्बन्धमा कम्पनीको संचालक समितिले समेत आवश्यक निर्देशन दिने गर्दछ ।
(ख) कम्पनीको आन्तरिक नियन्त्रण प्रणाली अन्तर्गत होटेलको आफ्नै आन्तरिक लेखापरीक्षण विभाग समेत कार्यरत रहेको छ ।
(ग) कम्पनीको आन्तरिक लेखापरीक्षण छुट्टै स्वतन्त्र आन्तरिक लेखापरीक्षकबाट गरिन्छ जसले त्रैमासिक आन्तरिक लेखापरीक्षण प्रतिवेदन लेखापरीक्षण समिति समक्ष पेश गर्ने गर्दछ ।
(घ) कम्पनीले नियमनकारी निकायद्वारा जारी गरिएका नियम, विनियम र निर्देशनहरुको पूर्ण परिपालना सहित अन्य प्रचलित ऐन तथा कानून बमोजिम पुरा गर्नु पर्ने मापदण्डहरुको पूर्ण पालना गर्दछ ।

## ७. सत्य, तथ्यता सम्बन्धमा अध्यक्ष/कार्यकारी प्रमुखको उद्घोषण

आजका मिति सम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु । साथै म यो उद्घोष गर्दछु की मैले जाने बुझे सम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरुलाई सूसुचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाइएको छैन ।

अनुसूची १

# SOALTEE HOTEL LIMITED

## UNAUDITED FINANCIAL RESULTS

## AT THE END OF 30 JUNE 2018 (FOURTH QUARTER) OF THE FISCAL YEAR 2074/075 (2017/18)

**Rs. in '000**

| PARTICULARS | Up to This Quarter ending 30 June 2018 (Unaudited) | Up to Previous Quarter ending 30 March 2018 (Unaudited) | Up to this Quarter ending 30 June 2017 (Unaudited) |
|---|---|---|---|
| **BALANCE SHEET AS AT 30 JUNE 2018** | | | |
| **CAPITAL AND LIABILITIES** | | | |
| **Share Capital** | 666,064 | 666,064 | 579,181 |
| Reserves and Retained Earnings | 920,147 | 859,015 | 809,047 |
| | 1,586,211 | 1,525,079 | 1,388,228 |
| **Secured Loans** | | | |
| Long Term Loans (Hire purchase) | 5,851 | 6,087 | 6,617 |
| **TOTAL** | **1,592,062** | **1,531,166** | **1,394,845** |
| **ASSETS** | | | |
| Fixed Assets (Net) | 761,877 | 768,329 | 618,763 |
| Capital WIP | 330,201 | 241,059 | 256,147 |
| Investments | 83,967 | 83,967 | 83,967 |
| Deferred Tax Assets | 45,461 | 45,461 | 45,825 |
| | **1,221,506** | **1,138,816** | **1,004,701** |
| **CURRENT ASSETS** | | | |
| Inventories | 89,086 | 89,149 | 65,566 |
| Sundry Debtors | 236,270 | 234,296 | 212,072 |
| Cash and Bank Balances | 111,019 | 125,138 | 126,499 |
| Call Account/Time Deposits | 110,100 | 100,322 | 195,354 |
| Prepaid, Advances, Loans & Deposits | 376,440 | 384,360 | 338,101 |
| **Total** | **922,915** | **933,266** | **937,592** |
| **LESS: CURRENT LIABILITIES AND PROVISIONS** | | | |
| Current Liabilities | 246,228 | 266,071 | 266,091 |
| Provisions | 322,347 | 294,952 | 312,491 |
| **Total** | **568,574** | **561,023** | **578,582** |
| **NET CURRENT ASSETS** | **354,341** | **372,243** | **359,010** |
| **DEFERRED EXPENDITURES** | **16,215** | **20,107** | **31,134** |
| **TOTAL** | **1,592,062** | **1,531,166** | **1,394,845** |
| **INCOME STATEMENT FOR THE PERIOD ENDED ON 30 JUNE 2018** | | | |
| **REVENUE** | | | |
| Revenue | 1,560,200 | 1,127,471 | 1,571,288 |
| **TOTAL** | **1,560,200** | **1,127,471** | **1,571,288** |
| **EXPENSES** | | | |
| Upkeep & Services | 52,557 | 38,307 | 52,124 |
| Consumption of Food, Provisions and Beverages | 271,877 | 198,233 | 272,341 |
| Salary, Wages and Other Employee's cost | 448,934 | 316,942 | 475,070 |
| Other Operation & Administration Expenses | 373,183 | 275,388 | 378,443 |
| **Profit from Operation** | **413,694** | **298,600** | **393,309** |
| Interest on Loans | 689 | 509 | 492 |
| (Profit)/Loss in Exchange | (5,138) | (3,000) | 9,958 |
| Deferred Expenses | 14,918 | 11,027 | 21,621 |
| Depreciation and Amortization | 106,280 | 78,555 | 88,125 |
| Dividend from investment (Net) | (500) | (500) | (700) |
| (Profit)/Loss on sale of Assets | - | - | (164) |
| Provision for Employees' Housing | - | - | 13,699 |
| Provision for Staff Bonus | 27,036 | 19,274 | 23,662 |
| **Profit before Taxation** | **270,363** | **192,736** | **236,617** |
| Provision for Tax | 57,452 | 40,956 | 53,648 |
| **Net Profit after Tax** | **212,911** | **151,780** | **182,969** |

**Note: The above figures and presentation are subject to change at the time of implementation of NFRS, and on completion of the Statutory Audit.**